# विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रणाली सञ्चालन सम्बन्धी प्रशिक्षण तालिम

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

# प्रशिक्षण तालिका

| Events |
| --- |
| Introduction and Overview of the training |
| Quiz |
| BIPAD Portal, its development, and its relevance to District, Local level, and Nepal Police |
| Understanding DRR terminologies |
| SHORT BREAK (5 min) |
| Getting familiar with BIPAD Portal role of District, Local Level, and Nepal Police<br>(Hands-on session) |
| Bipad portal technical guidance<br>(Hands-on session) |
| SHORT BREAK (10 min) |
| Getting familiar with different modules of Bipad portal<br>(Hands-on session followed by tasks) |
| Data analysis and visualization of disaster related data |
| Wrap up and Tea/Coffee |

# प्रस्तुतीका मुख्य विषयहरु

- परिचय तथा प्रशिक्षण सम्बन्धी छलफल
- विपद् पोर्टलको विकास र जिल्ला, स्थानीय तह र नेपाल प्रहरीमा यसको सान्दर्भिकता
- विपद् जोखिम बारे बुझाई
- जिल्ला, स्थानीय तह र नेपाल प्रहरीमा विपद् पोर्टलको भूमिका र परिचय

# प्रशिक्षणका मुख्य उद्धेश्यहरू

- विपद् पोर्टलमा सहभागीहरूको प्राविधिक दक्षता अभिवृद्धि गर्न
- प्राविधिक ज्ञान हस्तान्तरणका लागि प्राविधिक सीप अभिवृद्धि गर्न
- व्यवहारिक तालिम दिन
- विपद् पोर्टलका मोड्युलहरू जान्न
- यस अभिमुखीकरण र प्रशिक्षणको सामान्य उद्धेश्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रणालीका मुद्दाहरू र यसको फाइदाहरू कसरी प्रयोग गरी सम्बन्धित सरोकारवालाहरूसँग पुऱ्याउनु भन्ने हो
- यस प्रशिक्षणले विपद् फोकलहरू, आईटी अधिकारीहरू, प्रमुख अधिकारीहरू र साझेदार कर्मचारीहरूलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी रिपोर्ट र प्रोफाइलहरू बनाउन क्षमता अभिवृद्धि गर्नु पनि हो

# प्रशिक्षणका क्रम के गर्नें र के नगर्नें ?



# Fun Quiz

# विपद् पोर्टलको विकास र जिल्ला, स्थानीय तह र नेपाल प्रहरीमा यसको सान्दर्भिकता

## जिल्ला

- विपद्को बखतमा जिल्लाको एक प्रमुख भूमिका सहजकर्ता तथा समन्वयकर्ताको रूपमा
- विपद्को योजना, पूर्वतयारी, जोखिम आंकलन, न्यूनीकरण तथा व्यवस्थापनका लागि महत्त्वपूर्ण रहेको

## स्थानीय तह


- जनता संग प्रत्यक्षरूपमा नजिक रही काम गर्ने
- विपद्को योजना, पूर्वतयारी, जोखिम आंकलन, न्यूनीकरण तथा व्यवस्थापनका लागि महत्त्वपूर्ण रहेको

## नेपाल प्रहरी

- घटना तथा विपद्को पहिलो प्रतिक्रियाकर्ता **(First Responder)**
- घटनाको विश्वसनीय डाटाबेस सङ्कलन गर्न नेपाल प्रहरीको ठूलो जिम्मेवारी

# विपद् पोर्टलका विशेषता

- स्वदेशमै निर्माण गरिएको
- तथ्याङ्कमा साझेदारी
- एकीकृत विपद् सूचना व्यवस्थापन प्रणालीको विकास
- कम लागत र Open Source
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन संचारमा मद्दत



# अन्तर्राष्ट्रिय स्तरमा एकिकृत सूचना प्रणालीको माग

## Sendai Framework for Disaster Risk Reduction(SFDRR) 2015-2030-Priority 1

## Understanding Disaster Risk

२४(c) ... स्थानमा आधारित जोखिम सम्बन्धी जानकारी... जोखिम नक्शा सहित निर्णय निर्माताहरू, आम जनता र जोखिममा रहेका समुदायहरूलाई जानकारी

२४(e) ... प्रकोप सम्मुखता संकटासन्नता र जोखिम सम्बन्धी जानकारी स्वतन्त्र रूपमा उपलब्ध र पहुँच योग्य ...

२४(f) ... विश्वसनीय सूचना तथा तथ्याङ्कहरुको पहुँचलाई प्रमोट गर्न ...

२५(a) ... विपद् व्यवस्थापन सूचना तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन ...

# नेपाल सरकारका निती तथा कार्यक्रमहरु

**नेपाल सरकारका नीती तथा कार्यक्रमहरु**

... क्रमशः राष्ट्रिय, प्रदेश र स्थानीय स्तरमा राष्ट्रिय एकीकृत विपद् सूचना व्यवस्थापन प्रणाली र प्रारम्भिक चेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

... विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा पूर्वतयारी तथा जोखिम न्युनीकरण कार्य गर्न लाई सूचना तथा तथ्याङ्कहरु सङ्कलन गर्न रिमोट सेन्सिंग, भौगोलिक सूचना प्रणाली र ओपन सोर्स टेक्नोलोजीमा आधारित राष्ट्रिय एकीकृत सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७६

... रिमोट सेन्सिंग, भौगोलिक सूचना प्रणाली र ओपन सोर्स टेक्नोलोजीमा आधारित राष्ट्रिय एकीकृत सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने, आधुनिक विज्ञान र प्रविधि प्रयोग र प्रमोट गर्ने

विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०)

# विपद् सूचना व्यवस्थापन प्रणालीको विकास


- विपद् सूचना व्यवस्थापन प्रणाली (DIMS) नेपाल सरकार, गृह मन्त्रालयद्वारा सुरू गरिएको हो र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) को नेतृत्वमा संचालन भईरहेको छ।
- नेपाल सरकारले गृह मन्त्रालयको संयोजनमा विभिन्न ११ वटा मन्त्रालय र विभागहरुको सहकार्यमा राष्ट्रिय एकिकृत विपद् सूचना व्यवस्थापन प्रणाली अन्तर्गत BIPAD पोर्टल (http://bipadportal.gov.np) विकास भएको।
- सम्माननीय प्रधानमन्त्रीज्यू बाट बैशाख २२, २०७६ मा सरकारका तीनै तह (संघ, प्रदेश, र पालिका) लाई एकिकृत विपद् सूचना व्यवस्थापन प्रणालीलाई स्थानियकरण गर्न निर्देशन जारी गर्नुभएको छ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि विपद् व्यवस्थापनमा तथ्याङ्कको महत्त्वलाई हाइलाइट गर्दछ र आधारभूत तथ्याङ्कको संग्रहण र व्यवस्थापनको लागि स्थानीय सरकारलाई अधिकार प्रदान गरेको छ ।

# विपद् जोखिम बारे बुझाई

(Understanding DRR Terminologies)

## मानव सृजित

- खानी दुर्घटना,
- औद्योगिक विस्फोटन,
- आगलागी,
- विषाक्त ग्याँस तथा रसायन चुहावट,
- विकीरण,
- यातायातजन्य विपद् जस्तै हवाइ, सडक, रेल, पानीमा चलाइने सवारी साधनको दुर्घटना,
- अन्य प्रकारका घटना जस्तै भागदौड, हुलदङ्गा, आतङ्क सिर्जना गर्ने क्रियाकलाप, भौतिक संरचना भत्किई हुने क्षति




## प्राकृतिक

### जल एवं जलवायुजन्य विपद्

हिमपात, हिमपहिरो, हिमताल विस्फोटन, खडेरी, बाढी, हुरिबतास, शीतलहर, तातोहावाको लहर, चट्याङ, असिना

### भौगर्भिक विपद्


भूकम्प, पहिरो, महामारी, अनिकाल, डढेलो, कीटआतङ्क, सूक्ष्मजीवाणु आतङ्क, जनावर आतङ्क तथा प्राकृतिक ग्याँसको विष्फोटन

# विपद् जोखिम बारे बुझाई – Group Work

(Understanding DRR Terminologies)

अभ्यास निर्देशन

- प्रस्तुत चित्रमा एक नदी बहाव प्रणाली दिइएको छ।
- घर A: काठले बनेको सानो घर छ जसमा चार जना बालबालिका बस्छन् र त्यँहा एउटा साईकल पनि छ
- घर B: कंक्रिटले बनेको घर छ जसमा कोही बालबालिका बस्दैन्न र त्यँहा एउटा कार पनि छ




दृष्टान्त (नदी प्रणाली) लाई सन्दर्भ गर्दै, कृपया विभिन्न जोखिम अवधारणाहरू छलफल गर्नुहोस्

- "प्रकोप" पहिचान गर्नुहोस् (Identify "Hazard")
- "सम्मुखता" परिभाषित र चित्रण गर्नुहोस् (Define and illustrate "Exposure")
- "सङ्कटासन्नता" परिभाषित र चित्रण गर्नुहोस् (Define and illustrate "Vulnerability")
- "अनुकूलन क्षमता" परिभाषित र चित्रण गर्नुहोस् (Define and illustrate "Adaptive Capacity")
- "जोखिम" परिभाषित र चित्रण गर्नुहोस् (Define and illustrate "Risk")

**प्रश्नः जब जोखिम व्यवस्थापन हुँदैन, सम्भावित हानि र क्षतिका उदाहरण के हुन सक्छन्?**


# विपद् जोखिम बारे बुझाई

(Understanding DRR Terminologies)

प्रकोप क्षेत्रमा अवस्थित मानिस, धनमाल, संयन्त्र वा अन्य तत्वहरु प्रकोपको प्रभाव र संभावित क्षति बेहोर्नुपर्ने अवस्थामा रहेका छन् ।

**टिप्पणीः** सम्मुखता कति छ भन्ने माप (परिमाण) उक्त क्षेत्रको जनसंख्याको आकार तथा धनमाल र निर्मित संरचनात्मक प्रकार एवं मात्रामा निर्भर रहन्छ ।

$$\text{Risk} = \frac{\text{Hazard} \times \text{Exposure} \times \text{Vulnerability}}{\text{Capacity to Cope}}$$




बाढी, पहिरो, आगलागी, हुरीबतास, चट्याङ्ग, दुर्घटना जसबाट विपद्को संभावना भने हुन्छ । तर जनधनको क्षति भैगएको हुदैन ।

जस्तै :

- बस्तीमा नपसेको बाढी
- मरुभूमिमा गएको आधिहस।
- समुन्द्रमा गएको भूकम्प (सुनामी नआएमा)


आपत्कालीन अवस्था उत्पन्न हुने सम्भावना भएको वा अत्यधिक जोखिममा रहेको वा विपत्तितर्फ उन्मुख भएको अवस्था । पहिरो जान लागेको ठाउँको छेउको घर वा बस्ती तथा बाढी आउने समयमा खोला किनारमा भएको घर वा बस्ती ।

प्रकोपका घटनाबाट क्षति हुने सम्भावना रहेको अवस्था वा हानीनोक्सानी हुने सम्भावना ।

# विपद् जोखिम बारे बुझाई

**(Understanding DRR Terminologies)**






## तिनाउ खोलाको जोखिमयुक्त बस्तीको तस्विर

# विपद् जोखिम बारे बुझाई
(Understanding DRR Terminologies)

- **प्रकोप/Hazard**

*त्यस्ता डरलाग्दा परिघटना, तत्व, मानव क्रियाकलाप वा परिस्थिति जसले जनधनको नोक्सानी, घाइते हुने सम्भावना वा अन्य स्वास्थ्य सम्बन्धी असरहरू, जीविकोपार्जन तथा सेवाहरूमा हानी र व्यवधान, सामाजिक तथा आर्थिक गतिरोध वा वातावरणीय ह्रास समेत निम्त्याउँछ ।*



***A dangerous phenomenon, substance, human activity or condition that may cause loss of life, injury or other health impacts, property damage, loss of livelihoods and services, social and economic disruption, or environmental damage.***

*Source: Terminology on Disaster Risk Reduction*

# विपद् जोखिम बारे बुझाई
(Understanding DRR Terminologies)

- **विपद्/Disaster**

*प्रभावित समाज वा समुदायले आफ्नै स्रोत साधन र सामथ्र्यको प्रयोग गरी धान्न नसक्ने गरी भएको त्यस्तो व्यापक मानवीय, भौतिक, आर्थिक वा वातावरणीय क्षति एवं असरहरू जसका कारण समुदायको सामान्य जीवन पद्धति गंभीर रुपमा अवरुद्ध हुन पुग्छ ।*



***A serious disruption of the functioning of a community or a society involving widespread human, material, economic or environmental losses and impacts, which exceeds the ability of the affected community or society to cope using its own resources.***

# विपद् जोखिम बारे बुझाई

(Understanding DRR Terminologies)

## सबै प्रकोपहरू विपद् हुदैन्न

- प्राकृतिक खतरा भनेको प्राकृतिक रूपमा हुने घटनाको खतरा हो जसले मानिसमा सम्भावित रूपमा नकारात्मक प्रभाव पार्छ। यो नकारात्मक प्रभावलाई हामी विपद् भन्छौं।
- अर्को शब्दमा भन्नुपर्दा जब खतरा हुन्छ र वातावरणलाई असर गर्छ र मृत्यु, चोटपटक र आर्थिक नोक्सानी निम्त्याउँछ, हामी त्यस्ता घटनाहरूलाई विपद् भन्छौं।



प्रकोप



विपद्

# विपद् जोखिम बारे बुझाई

**(Understanding DRR Terminologies)**

- **सम्मुखता/Exposure**

*प्रकोप प्रभाव क्षेत्रमा अवस्थित भएका कारण संभाव्य क्षति वेहोर्ने अवस्थामा रहेका मानिस, धनमाल, संयन्त्र।*



***People, property, systems, or other elements present in hazard zones that are thereby subject to potential losses.***

# विपद् जोखिम बारे बुझाई
(Understanding DRR Terminologies)

- **संकटासन्नता/Vulnerability**

*कुनै समुदाय, कार्यप्रणाली वा जायजेथामाथि प्रकोपका असरहरू प्रत्यक्ष पर्न सक्ने अवस्था वा परिवेश ।*



***The characteristics and circumstances of a community, system or asset that make it susceptible to the damaging effects of a hazard.***

# विपद् जोखिम बारे बुझाई

**(Understanding DRR Terminologies)**

## • क्षमता/Adaptive Capacity

*उपलब्ध स्रोत–साधन, ज्ञान र सीपको समुचित उपयोग गरी प्रतिकूल अवस्था वा आपतकाल वा विपद्को सामना तथा व्यवस्थापनका निम्ति आवश्यक पर्ने जनसाधारण, संघसंस्था एवम् प्रणालीको सामथ्र्य ।*



***The ability of people, organizations and systems, using available skills and resources, to face and manage adverse conditions, emergencies or disasters.***

***Capacity: Social, Economical, Physical, Cultural***

# विपद् जोखिम बारे बुझाई
(Understanding DRR Terminologies)

- **जोखिम/Risk**

*कुनै खास समुदाय अवथा समाजमा भावी समयमा हुन सक्ने जनधन, जीविकोपार्जन, स्वास्थ्य लगायत अन्य सेवामा विपद्बाट हुन सक्ने संभाव्य क्षति।*




***The potential disaster losses, in lives, health status, livelihoods, assets and services, which could occur to a particular community or a society over some specified future time period.***

# विपद् जोखिम बारे बुझाई

**(Understanding DRR Terminologies)**

## • उत्थानशीलता/Resilience

*प्रकोप सम्मुखतामा रहेका प्रणाली, समुदाय वा समाजमा अन्तर्निहित क्षमता जसले प्रकोपका असरहरूलाई समयमा नै प्रभावकारी ढंगले प्रतिरोध, शमन वा समायोजन गर्नुका साथै पूर्वावस्थामा फर्कन सामर्थ गराउँछ। यस अन्तर्गत आधारभूत संरचना वा सेवा-प्रणालीको संरक्षण एवं पुनर्स्थापना लगायत पर्दछन्।*



***The ability of a system, community or society exposed to hazards to resist, absorb, accommodate to and recover from the effects of a hazard in a timely and efficient manner, including through the preservation and restoration of its essential basic structures and functions.***

# विपद् पोर्टलमा जिल्ला, स्थानीय तह र नेपाल प्रहरीको भूमिका

## जिल्ला स्तरमा

| मोड्युल | अनुमति (Permission) |
|---|---|
| डयासबोर्ड<br>**Dashboard** | • District have access to **view only** |
| घटना<br>**Incident** | • Access to **view and comment** |
| क्षति र नोक्सान<br>**Damage and Loss** | • Access to **approve, modify/update the incidents** |
| वास्तविक समय<br>**Real Time** | • Access to **view** |
| जोखिम जानकारी<br>**Risk Info** | • For Capacity and Resources section of Risk Info module, district can **view**<br>• For other section (Hazard, Risk, Vulnerability, Exposure, and Climate Change district have **access to view** |
| प्रोफाइल<br>**Profile** | • For Resources, Losses, Project district have **access to view**<br>• For Contact and Documents section district level can **add, edit, and delete** |
| राहत<br>**Relief** | • District can **add, edit, and delete** |


## पालिका स्तरमा

| मोड्युल | अनुमति (Permission) |
|---|---|
| डयासबोर्ड<br>**Dashboard** | • Municipalities have access to **view only** |
| घटना<br>**Incident** | • Access to **view and comment** |
| क्षति र नोक्सान<br>**Damage and Loss** | • Access to **view and comment** |
| वास्तविक समय<br>**Real Time** | • Access to **view** |
| जोखिम जानकारी<br>**Risk Info** | • For Capacity and Resources section of Risk Info module, municipality can **add, edit, and delete**<br>• For other section (Hazard, Risk, Vulnerability, Exposure, and Climate Change municipality have **access to view** |
| प्रोफाइल<br>**Profile** | • For Resources, Losses, Project municipality have **access to view**<br>• For Contact and Documents section municipality can **add, edit, and delete** |
| राहत<br>**Relief** | • Municipality can **add, edit, and delete** |

# विपद् पोर्टलमा जिल्ला, स्थानीय तह र नेपाल प्रहरीको भूमिका


## नेपाल प्रहरी स्तरमा

| मोड्युल | अनुमति (Permission) |
|---|---|
| डयासबोर्ड<br>**Dashboard** | • Nepal Police have access to **view only** |
| घटना<br>**Incident** | • Access to **add, edit, and delete** |
| क्षति र नोक्सान<br>**Damage and Loss** | • Access to **approve, modify/update the incidents** |
| वास्तविक समय<br>**Real Time** | • Access to **view** |
| जोखिम जानकारी<br>**Risk Info** | • For Capacity and Resources section of Risk Info module, district can **view**<br>• For other section (Hazard, Risk, Vulnerability, Exposure, and Climate Change district have **access to view** |
| प्रोफाइल<br>**Profile** | • For Resources, Losses, Project Nepal Police have **access to view**<br>• For Contact and Documents section Nepal Police can **add, edit, and delete** |
| राहत<br>**Relief** | • Nepal Police can **add, edit, and delete** |



# विपद् पोर्टलमा जिल्ला, स्थानीय तह र नेपाल प्रहरीको भूमिका


## जिल्लाको अधिकार, भूमिका र अनुमति





**C – Create: Add New Form**
**A – Access: View available data**
**M – Modify: Edit available data**
**D – Delete: Delete data**
**C1 – Comment: Can comment/verify**

# विपद् पोर्टलमा जिल्ला, स्थानीय तह र नेपाल प्रहरीको भूमिका

## स्थानीय तहको अधिकार, भूमिका र अनुमति





**C – Create: Add New Form**
**A – Access: View available data**
**M – Modify: Edit available data**
**D – Delete: Delete data**
**C1 – Comment: Can comment/verify**

# विपद् पोर्टलमा जिल्ला, स्थानीय तह र नेपाल प्रहरीको भूमिका

## नेपाल प्रहरीको अधिकार, भूमिका र अनुमति




**C – Create: Add New Form**
**A – Access: View available data**
**M – Modify: Edit available data**
**D – Delete: Delete data**
**C1 – Comment: Can comment/verify**

# धन्यवाद

जुटेर मात्र सम्भव छ विपद् जोखिम न्यूनीकरण